# गण्डकी प्रदेश सभा

## पोखरा, नेपाल

दशौँ अधिवेशन

बिसौँ बैठक

**दैनिक कार्यसूची**

**मिति २०८३ असार १४ गते, आइतबार, बिहान ११:०० बजे**

**विनियोजन विधेयक, २०८३ माथिको मन्त्रालयगत छलफलमा उठेका प्रश्नहरुको जवाफ**

१. **आर्थिक मामिला मन्त्रालय**का माननीय मन्त्री श्री जित बहादुर शेरचनले "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को छलफलको क्रममा उठेका आफ्नो मन्त्रालयसँग सम्बन्धित प्रश्नहरुको जवाफ दिनुहुने ।

२. **भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**का माननीय मन्त्री श्री गोबिन्द बहादुर नेपालीले "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को छलफलको क्रममा उठेका आफ्नो मन्त्रालयसँग सम्बन्धित प्रश्नहरुको जवाफ दिनुहुने ।

३. **माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले** "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को छलफलको क्रममा उठेका आफ्नो मन्त्रालयसँग सम्बन्धित प्रश्नहरुको जवाफ दिनुहुने ।

**“आर्थिक विधेयक” माथि छलफल**

४. **आर्थिक मामिला मन्त्रालय**का माननीय मन्त्री जित बहादुर शेरचनले "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३” माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३" माथि छलफल हुने ।

६. **आर्थिक मामिला मन्त्रालय**का माननीय मन्त्री जित बहादुर शेरचनले "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३” को छलफलको क्रममा उठेका प्रश्नको जवाफ दिनुहुने ।

**गण्डकी प्रदेश सरकारको "आर्थिक विधेयक" र “विनियोजन विधेयक” निर्णयार्थ प्रस्तुत हुने**

७. माननीय सभामुखले "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा निम्नानुसारका माननीय सदस्यहरुबाट प्राप्त खर्च कटौतीका प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्नुहुने ।

   क. सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय - प्रस्तावक माननीय श्री दमयन्ती रुचाल
   
   ख. आर्थिक मामिला मन्त्रालय - प्रस्तावक माननीय श्री कुसुम बुढा पुन

८. "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का दफाहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

९. **आर्थिक मामिला मन्त्रालय**का माननीय मन्त्री जित बहादुर शेरचनले "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" लाई पारित गरियोस् भनि प्रस्ताव पेस गर्नुहुने । उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत हुने ।

१०. "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३" का दफाहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

११. आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री जित बहादुर शेरचनले "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३” लाई पारित गरियोस् भनि प्रस्ताव पेस गर्नुहुने । उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत हुने ।

..................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव